## १. पृष्ठभूमि

नेपालको संविधानले नगरपालिका तथा गाउँपालिकालाई स्थानीय तहको रूपमा परिभाषित गरेको छ । स्थानीय तहको रूपमा रहेका यी सरकारहरू जनतालाई सरल रूपले सेवा प्रवाह गर्ने प्रक्रियामा छन् । स्थानीय तहको काम गर्नको लागि जिम्मेवारी प्राप्त गरेका यी निकायहरूले जनताको सर्वाधिक नजिकको साझेदार बनेर काम गर्न सुरुवात गरिसकेको छन् । नगरपालिकाले आफ्नो जिम्मेवारी पुरा गर्दा आफ्नो नगरको आवधिक र वार्षिक योजना तर्जुमामा सहभागितामुलक प्रक्रियाबाट यथार्थ परक योजना निर्माण तथा कार्यान्वयन गर्नु पर्ने हुन्छ । अतः नगरपालिकाको योजना तर्जुमाको लागि आफ्नो क्षेत्रको सामाजिक, आर्थिक, भौतिक आदि विविध पक्षको तथ्यांकको आवश्यकता पर्दछ । नगरपालिकाका विविध पक्षहरूको वास्तविक स्थितिको तथ्यांक र सूचना बिना कुनै पनि योजनाको सही छनौट हुन सक्दैन । समय समयमा नगरपालिकासँग सम्बन्धित सबै किसिमका तथ्य र तथ्यांक संकलन र विश्लेषण गरी सो तथ्यांकको आधारमा योजना तर्जुमा हुन सकेको अवस्थामा मात्र योजनाहरू वस्तुनिष्ठ हुन्छन् ।

नेपालको संविधानले वैदेशिक रोजगारलाई शोषण मुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने नीति लिएको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ (थ) मा स्थानीय सरकारलाई रोजगार तथा बेरोजगारको श्रमशक्तिको तथ्यांक संकलन, प्रशोधन र सूचना प्रणालीको व्यवस्थापन, सुरक्षित वैदेशिक रोजगार र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना तथा तथ्यांकको संकलन तथा व्यवस्थापन, रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन, वैदेशिक रोजगारमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीप मूलक तालिमको सञ्चालन, वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनः एकीकरण, वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप र उद्यमशिलताको उपयोगमा आधारभूत सेवा प्रवाह गर्ने जिम्मेवारी प्रदान गरेको छ । उक्त जिम्मेवारीलाई वार्षिक, आवधिक तथा रणनीतिक योजनाहरूमा समावेश गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न वा यस क्षेत्रको नियमन तथा व्यवस्थापनको लागि वैदेशिक रोजगार सम्बन्धी आधारभूत तथ्यहरू आवश्यक देखिएकोमा यस पार्श्वचित्रबाट उक्त आवश्यक जानकारी तथा तथ्यांकहरु उपलब्ध हुनेछन् । जसले गर्दा यस क्षेत्रको व्यवस्थापनको लागि आवश्यक गतिविधिहरूको योजना तर्जुमा गर्न तथा कार्यान्वयनमा महत्वपूर्ण योगदान पुग्नेछ । वैदेशिक रोजगारको विषयमा विस्तृत विवरण संकलन गरी यस क्षेत्रको चुनौती, अवसर तथा सम्भावनाहरूको पहिचान गर्ने उद्देश्यले **'वैदेशिक रोजगार सम्बन्धी पार्श्वचित्र २०७७'** तयार गरिएको छ ।

## २. कपिलवस्तु नगरपालिकाको परिचय

प्राचिनकालमा हालको तौलिहवा बजारदेखि उत्तर भागमा पर्ने नदी रामघाट (हालको बाणगंगा) देखि पुर्व कपिलमुनिको आश्रम थियो । यिनै मुनिको नामबाट यस कपिलवस्तु जिल्लाको नाम कपिलवस्तु रहेको हो । यस क्षेत्रमा सूर्यवंशी शाक्य राजा शुद्धोधनको राज्य थियो । वि. सं. २०१८ सालमा १४ अञ्चल ७५ जिल्लामा गरिएको राजनैतिक बिभाजन पछि ऐतिहासिक महत्वको दृष्टिकोणले यस जिल्लाको नामाकरण 'कपिलवस्तु' गरियो । पछि वि. सं. २०२९ सालको स्थानीय निर्वाचनको अवसरमा जिल्लाको सदरमुकाम तौलिहवा नगरपालिकाको नाम संशोधन गरी कपिलवस्तु नगरपालिका नामाकरण गरिएको हो ।

शाक्य दर्शनका प्रेरणा कपिलमुनीको तपोभूमि तथा नेपालको गौरव, एसियाका तारा तथा विश्वका शान्तिदुत गौतम बुद्धको जन्म स्थान कपिलवस्तु जिल्ला ऐतिहासिक तथा सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण जिल्ला हो । कपिलवस्तु नगरपालिका कपिलवस्तु जिल्लामा अवस्थित भएकोले यो नगरपालिका भित्र पनि विभिन्न ऐतिहासिक तथा सांस्कृतिक महत्वका स्थानहरु अवस्थित छन जुन प्रत्यक्ष गौतम बुद्धसंग सम्बन्धित छन् । यहाँका तिलौराकोट, कुदान, गोटीहवा, सगरहवा,

जगदिशपुर ताल जस्ता स्थलहरु पुरातात्विक उत्खनन र अन्वेषणको लागि  महत्वपूर्ण मानिनुका साथै यहाँ देश, विदेशबाट विभिन्न मानिसहरु अध्ययन र अनुसन्धानको लागि आउने गरेको पाईन्छ ।

कपिलवस्तु नगरपलिकाको कुल क्षेत्रफल १३६.९१ वर्ग कि.मि. रहेको छ । साविक नगरपालिका तथा गाविसको वडा नं. समाहित भई तपसील अनुसारको वडाको गठन भएको छ ।

| हालको वडा नम्बर | साविक नगरपालिका तथा गाउँ विकास समितिको वडा नम्बर |
|---|---|
| १ | कपिलवस्तु नगरपालिका वडा नं. १, २ र ३ |
| २ | कपिलवस्तु नगरपालिका वडा नं. ५, ६,७ र ८ |
| ३ | कपिलवस्तु नगरपालिका वडा नं.४, १०,११ र १२ |
| ४ | कपिलवस्तु नगरपालिका वडा नं.९, १३ र १४ |
| ५ | कपिलवस्तु नगरपालिका वडा नं.१५ र १६ |
| ६ | कपिलवस्तु नगरपालिका वडा नं. १७, १८ र १९ |
| ७ | धर्मपनिया गाउँ विकास समितिको वडा १ देखि ९ सम्म |
| ८ | दोहनी गाउँ विकास समितिको वडा १ देखि ९ सम्म |
| ९ | निग्लिहवा गाउँ विकास समितिको वडा नं. १, २, ३ , ६ र ९ |
| १० | निग्लिहवा गाउँ विकास समितिको वडा नं. ४, ५, ७ र ८ |
| ११ | जहदी गाउँ विकास समितिको वडा नं. १ देखि ९ समम |
| १२ | सौराहा गाउँ विकास समितिको वडा नं. १ देखि ९ सम्म |

श्रोतः कपिलवस्तु नगरपालिका पार्श्वचित्र, २०७५

भैरहवा, लुम्बिनी, तौलिहवा, बहादुरगंज लोकमार्गको दायाँ बायाँ रहेको यस नगरपालिकाको केन्द्र जिल्ला सदरमुकाम तौलिहवामा अवस्थित रहेको छ

भू-उपयोग सम्बन्धी विवरण हेर्दा कपिलवस्तु नगरपालिकाको जम्मा क्षेत्रफल १३६.९१ वर्ग कि.मी. रहेको छ । जसमध्ये कृषि क्षेत्रले ११७.१ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ भने वन क्षेत्र ७.१०९६ वर्ग कि.मि. रहेको छ । यसैगरी घाँसे मैदान ३.०४५२ वर्ग कि.मि. रहेको छ । यस नगरपालिकाको भु–उपयोग सम्बन्धी विवरण तथा तथ्यांकलाई तलको तालिकामा प्रष्ट पारिएको छ ।

**भू–उपयोग सम्बन्धी विवरण**

| विवरण | वर्ग कि. मि. |
|---|---|
| कृषि क्षेत्र | ११७.१ |
| वन क्षेत्र | ७.१०९६ |
| घाँसे मैदान | ३.०४५२ |
| सिमसार क्षेत्र | ०.७८६४ |
| बलौटे क्षेत्र | २.१०७६ |
| बाझो क्षेत्र | ३.५४२ |
| नदीनाला | ०.८२८८ |
| ताल/पोखरी | १.५२६ |
| अन्य | ०.८६४४ |
| **जम्मा** | १३६.९१ |

श्रोतः जि.आई.एस. नक्सांकन २०७५

### ३. कपिलवस्तु नगरपालिकाको भौगोलिक अवस्था




नेपालको लुम्बिनी प्रदेश अन्तर्गत कपिलवस्तु जिल्लामा कपिलवस्तु नगरपालिका अवस्थित छ। यो नगरपालिका २७ डिग्री २९ मिनेट ३ सेकेण्ड देखि २७ डिग्री ३८ मिनेट ५९ सेकेण्ड उत्तरी अक्षांश र ८२ डिग्री ५९ मिनेट ३ सेकेण्ड देखि ८३ डिग्री ८ मिनेट ३९ सेकेण्ड पूर्वी देशान्तरसम्म फैलिनुका साथै समुद्री सतहबाट २६ मिटर देखि १३९ को उचाइमा अवस्थित छ । २०३९ सालमा तौलिहवा गाउँ पञ्चायतको नामबाट स्थापना भएको यो नगरपालिकामा साविकका बरगदवा, मालपारा, पिपरी र कपिलवस्तु आदर्श गाउँ पञ्चायतको पुरै भूभाग तथा गोटीहवा, गोवरी र तिलौराकोट गाउँपालिकाको केही भू–भागलाई समेटिएको थियो। साविकका १४ वडा रहेको यस नगरपालिका नेपाल सरकारको मिति २०७१।०७।२१ को निर्णय अनुसार साविकको गोटीहवा गाउँपालिका र तिलौराकोट गाउँपालिकाको पुरै भाग समेटी १९ वडा कायम गरिएको थियो। हाल आएर संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।११।२७ को मन्त्रिपरिषदको निर्णय अनुसार साविकको धर्मपनिया, दोहनी, जहदी, निग्लिहवा र सौराहा गाउँ विकास समितिहरू समावेश गरी १२ वटा वडा कायम भई कपिलवस्तु नगरपालिकाको प्रशासनिक संरचना बनेको हो। यो नगरपालिकाले १३६.९१ वर्ग किलो मिटर क्षेत्रफल ओगटेको छ भने कुल जनसंख्या ८७२८१ रहेको छ। उष्ण किसिमको हावापानी रहेको यस नगरपालिका पूर्वमा मायादेवी गाँउपालिका र बाणगंगा नगरपालिका, पश्चिममा महाराजगंज र बुद्धभुमी नगरपालिका, उत्तरमा बुद्धभुमी र बाणगंगा नगरपालिका र दक्षिणमा यशोधरा र मायादेवी गाँउपालिकाले घेरिएको छ।

### ४. कपिलवस्तु नगरपालिकाको जनसांख्यिक अवस्था

कपिलवस्तु नगरपालिकाले गरेको घरधुरी सर्वेक्षण २०७६ को प्राप्त नतिजाको आधारमा जनसङ्ख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ। सो सर्वेक्षण अनुसार कपिलवस्तु नगरपालिकाको कुल जनसख्या ८७,२८१ रहेको छ, जसमध्ये पुरुष ५१.९२ प्रतिशत (४५,३१८ जना) तथा महिला ४८.०७ प्रतिशत (४१,९५८ जना) र तेस्रो लिंगी ०.००५ प्रतिशत (५ जना) रहेका छन्।

**घरधुरी सर्वेक्षण २०७६ अनुसार घरधुरी र जनसांख्यिक विवरण**

| वडा नं. | घरधुरी संख्या | पुरुष | महिला | तेस्रो लिंगी | जम्मा |
|---|---|---|---|---|---|
| १ | १३७८ | ३९२३ | ३७८४ | १ | ७७०८ |
| २ | ११५९ | ३८२८ | ३५३९ | ० | ७३६७ |
| ३ | १६५० | ४७६१ | ४३४७ | ० | ९१०८ |
| ४ | १३०६ | ४३९७ | ४०८८ | ० | ८४८५ |
| ५ | ८७२ | २७८८ | २५८५ | ० | ५३७३ |
| ६ | १६९२ | ५०४४ | ४५९३ | ० | ९६३७ |
| ७ | ७८३ | २९६१ | २७५३ | १ | ५७१५ |
| ८ | १०७७ | ३७६३ | ३४४४ | ० | ७२०७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | १२९० | ३५७५ | ३३४१ | ० | ६९१६ |
| १० | १०८३ | ३२९५ | ३०३२ | ० | ६३२७ |
| ११ | ११६८ | ४२६२ | ४०६० | ३ | ८३२५ |
| १२ | ७६० | २७२१ | २३९२ | ० | ५११३ |
| **जम्मा** | **१४२१८** | **४५३१८** | **४१९५८** | **५** | **८७२८१** |

श्रोतः घरपरिवार सर्वेक्षण, २०७६

घरधुरी सर्वेक्षण २०७६ अनुसार कपिलवस्तु नगरपालिकाको वडा गत घर धुरीको जात जातिको आधारमा जातिगत विवरण तपसिल अनुसार रहेको छ ।

**घरधुरीको जातिगत विवरण**

| वडा नं. | आदिवासी/जनजाति | ब्राह्मण/क्षेत्री | दलित | मधेसी | मुस्लिम | पिछडा वर्ग | जम्मा |
|---|---|---|---|---|---|---|---|
| **१** | ३२ | १९९ | ६६ | ५८१ | ३१७ | १८३ | १३७८ |
| **२** | १३ | १४३ | ३०८ | ४१६ | १९१ | ८८ | ११५९ |
| **३** | ५५ | २६३ | २१२ | ५९६ | १७७ | ३४७ | १६५० |
| **४** | ४ | ६५ | ३६६ | ५२४ | २३२ | ११५ | १३०६ |
| **५** | १ | ४७ | २३० | ४२७ | ११० | ५७ | ८७२ |
| **६** | २०० | २०७ | २७१ | ५३७ | २७८ | १९९ | १६९२ |
| **७** | ३ | ५४ | १९५ | ३७३ | ९२ | ६६ | ७८३ |
| **८** | ५ | ७० | २१९ | ४८२ | २३८ | ६३ | १०७७ |
| **९** | ३८४ | ३८८ | १०३ | १५१ | ६४ | २०० | १२९० |
| **१०** | ३६३ | १७७ | १०१ | १५९ | ८४ | १९९ | १०८३ |
| **११** | २३ | ९१ | ११२ | ४७० | ३८२ | ९० | ११६८ |
| **१२** | २ | ५७ | १२७ | १८२ | २११ | १८१ | ७६० |
| जम्मा | **१०८५** | **१७६१** | **२३१०** | **४८९८** | **२३७६** | **१७८८** | **१४२१८** |

स्रोत घरधुरी सर्वेक्षण, २०७६

## ५. मुख्य पेशा सम्बन्धी विवरण

आर्थिक विकास सरकारको प्रमुख उद्देश्यका रूपमा रहेको हुन्छ । रोजगारीको अवस्था, उद्योगधन्दाको पूर्ण विकास तथा व्यावसायिक खेती प्रणालीको प्रवर्द्धनबाट आर्थिक विकास हुन सक्ने मानिन्छ । यस नगरपालिकाका अधिकांश मानिसहरू कृषि पेशामा आधारित छन् । यसैगरी आधारभूत सर्वेक्षणको अध्ययन अनुसार कृषिमा २८.२ प्रतिशत, नोकरीमा ३ प्रतिशत, व्यापार व्यवसायमा लाग्नेहरूको संख्या ३.३ प्रतिशत, ज्याला मजदुरीमा ७.३ प्रतिशत र गृहिणीमा २५.१ प्रतिशत साथै २०.४ प्रतिशत विद्यार्थी (अध्ययनरत) लगायत ६.४ प्रतिशत बेरोजगारीको संख्या रहेको देखिन्छ । यस वडाका मानिसहरूको पेशाको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

**मुख्य पेशा (१० वर्ष भन्दा माथि)**

| **क्र.स** | **पेशा** | **महिला** | **पुरुष** | **तेस्रो लिङ्गी** | **जम्मा** | **जम्मा प्रतिशत** |
|---|---|---|---|---|---|---|
| **१** | कृषि तथा पशुपालन | ५८६४ | ९२३१ | ३ | १५०९८ | २८.२ |
| **२** | नोकरी/जागीर | ३६१ | १२४३ | १ | १६०५ | ३.० |
| **३** | उद्योग तथा ब्यापार | १३० | १६४४ | १ | १७७५ | ३.३ |
| **४** | ज्याला /मजदुरी | ५९७ | ३३०७ | ० | ३९०४ | ७.३ |
| **५** | बैदेशिक रोजगार | २० | १०९५ | ० | १११५ | २.१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | व्यवसायिक कार्य | ३१ | २२८ | ० | २५९ | ०.५ |
| ७ | विद्यार्थी (अध्ययनरत) | ४९८३ | ५९६७ | २ | १०९५२ | २०.४ |
| ८ | गृहिणी | १२७६२ | ६९९ | २ | १३४६३ | २५.१ |
| ९ | बेरोजगार | ११८१ | २२३६ | ० | ३४१७ | ६.४ |
| १० | अन्य | ९६५ | १०२५ | ० | १९९० | ३.७ |
| **जम्मा** | | **२६६७५** | **२६८९४** | **९** | **५३५७८** | १००.० |

श्रोतः घरधुरी सर्वेक्षण २०७५

## ६. पार्श्वचित्र निर्माणको लागि तथ्यांक संकलन सम्बन्धी पृष्ठभूमि

सरकारी **तथ्यांक** अनुसार प्रत्येक वर्ष ४ लाख ५० हजार युवा श्रम बजारमा प्रवेश गर्ने गरेको देखिन्छ । निजामती, सुरक्षा क्षेत्र, निजी/सार्वजनिक, गैर सरकारी र स्वरोजगारका क्षेत्र गरी १ लाख युवाले देश भित्र अवसर प्राप्त गर्न हम्मे हम्मे छ ।

**वैदेशिक रोजगार र नेपालको संविधान २०७२:**

नेपालको संविधान, २०७२ को राज्यको मौलीक हक र कर्तव्य अन्तर्गत धारा ३३ मा १) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । २) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ । त्यसैगरी धारा ५१ (झ) श्रम र रोजगार सम्वन्धि नीति अन्तरगत बुँदा (५) मा वैदेशिक रोजगारलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गरी श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने प्रावधान छ । बुँदा (६) मा वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने भन्ने संवैधानिक व्यवस्था रहेको छ ।

प्रत्येक वर्ष ४ लाख ५० हजार युवा मध्ये १ लाख युवा पनि रोजगारीको लागि देश भित्र खपत भइरहेका छैनन् भने विगतका वर्षहरू र आउने वर्षका युवाहरू यो अवस्थाबाट गुज्रने निश्चित छ । यो संख्या देश भित्रै थुप्रिने हो भने देशले त्यो युवा जनशक्तिलाई कसरी व्यवस्थापन गर्ला ? यो विषय सोचनीय छ । स्थानीयस्तरमा रोजगारीको न्यून अवसर, स्वरोजगार तथा व्यवहारिक शिक्षाको कमी, परम्परागत जीवन प्रणालीमा युवाको घट्दो रुची, गरिबी तथा समुन्नत जीवनको चाहना लगायतका कारण युवाहरू वर्षेनी वैदेशिक रोजगारमा जाने क्रम बढ्दो छ । वर्तमान अवस्थालाई हेर्ने हो भने हरेक दिन १२ देखि १५ सय नेपाली युवाहरू खाडी मुलुक, मलेसिया लगायतका देशहरूमा विदेशिने क्रम जारी छ । वैदेशिक रोजगार विभागको औपचारिक तथ्यांक अनुसार करिब ५५ लाख भन्दा बढी युवाहरू वैदेशिक रोजगारमा गइसकेका छन् । यो औपचारिक रूपमा श्रम स्वीकृति लिएर जाने व्यक्तिको तथ्यांक हो । बाँकी करिब २० लाख भन्दा बढि युवा भारत लगायत तेस्रो मुलुकमा श्रम स्वीकृति नलिई गएको अनुमान छ ।

राष्ट्र बैंकले गरेको अध्ययन अनुसार २०७५/०७६ मा नेपालमा ८ खर्व ७९ अर्ब रेमिट्यान्स भित्रिएको छ । जसले देशको कुल ग्राहस्थ उत्पादनमा २५.४ प्रतिशत योगदान दिएको छ । जसले देशको अर्थतन्त्रलाई चलायमान बनाएको छ । २०५२ सालमा ४२ प्रतिशतमा रहेको गरिबी हाल आएर ११ प्रतिशतमा झरेको छ । यसरी गरिबी घट्नुमा रेमिट्यान्सको मुख्य योगदान छ । गरिबी घट्नुका साथै शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा निम्न स्तरका समुदायको पहुँच उल्लेख्य रूपमा वृद्धि भएको देखिन्छ । वैदेशिक रोजगारको सबल पक्ष भनेको नै रेमिट्यान्स तथा सीप ज्ञान आर्जन हो । तर त्यसता सीप ज्ञान लिएर फर्किएका जनशक्तिको उचित व्यवस्थापन तथा परिचालन गर्न नसक्नू आजको चुनौती हो । अर्को तिर खर्वौ रेमिट्यान्सको सही सदुपयोग र यसबाट दीर्घकाल सम्म कसरी फाइदा लिने भन्ने चुनौती उत्तिकै छ ।

अर्को महत्वपूर्ण पक्ष भनेको गन्तव्य मुलुकमा गर्नु पर्ने कामको सीप नहुनु, त्यहाँको भाषा धर्म संस्कृतिको ज्ञान तथा जानकारी कमी हुनु हो। फलस्वरूप दिनमा ३ देखि ५ वटा सम्म शव देश भित्रिरहेको अवस्था छ भने अर्कोतिर देश भित्र र गन्तव्य मुलुकमा ठगी, बेपत्ता तथा अलपत्र परेका घटनाहरू पनि उत्तिकै देखिन्छ । घर सम्हालेर बस्ने व्यक्तिहरू काम (चुलाचौका, खेतबारी, गोठालापात, बिहे, सामाजिक भेला, बालबच्चा/वृद्धको हेरचाह) को बोझ, घरेलु हिंसा तथा लाञ्छना लगायतका कारणले गर्दा मानसिक रूपमा बिछिप्त छन्। जसले मनोसामाजिक संरचनामा नै फेरवदल ल्याउन सक्ने अनुमान गर्न सकिन्छ । तसर्थ वैदेशिक रोजगारको क्षेत्र व्यवस्थापन आजको टड्कारो आवश्यकता हो । जसको लागि तथ्यगत जानकारी तथा सूचनाहरू उपलब्ध भएमा प्रभावकारी नीति तथा कार्यक्रमहरू सञ्चालन/सम्पादन गर्न मद्दत पुग्दछ भन्ने अभिप्रायका साथ नगरपालिका भित्रका सबै वडाहरूको वैदेशिक रोजगारसँग सम्बन्धित विभिन्न तथ्यांकहरु संकलन गरिएको छ।

**वैदेशिक रोजगार र स्थानीय सरकार संचालन ऐन २०७४:**

स्थानीय सरकार संचालन ऐनको दफा ११ (थ) अन्तरगत तपसिलको सुरक्षित वैदेशिक रोजगार सम्वन्धीको आधारभूत सेवाहरु प्रदान गर्ने जिम्मेवारी स्थानीयस सरकारको रहेको छ :

(४) वैदेशिक रोजगारीमा रहेको श्रम शक्तिको सूचना तथा तथ्याङ्कको सङ्कलन तथा व्यवस्थापन,

(५) रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन,

(६) वैदेशिक रोजगारीमा जाने श्रम शक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालीम सञ्चालन,

(७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुन: एकीकरण,

(८) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग।

स्थानीय तह भित्रको वैदेशिक रोजगारको विद्यमान अवस्था (विदेशिएका जनसंख्या, परिवारमा रहेको जनसंख्या, रेमिट्यान्स प्राप्ति तथा उपयोग, सामाजिक लागत लगायत) को बारेमा जानकारी हासिल गरी यस क्षेत्रको व्यवस्थापनको लागि आवश्यक नीति तथा कार्यक्रम निर्माण तथा सञ्चालन गर्नमा सहयोग पुग्नेछ

## ७. तथ्यांक संकलन तथा पार्श्वचित्र निर्माणको उद्देश्य:

- कपिलवस्तु नगरपालिका भित्रका घरधुरीबाट विदेशिएका र फर्किएका युवाहरूको लगत तयार गर्न,
- वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउनका लागि योजना निर्माण गर्न,
- वैदेशिक रोजगारीमा देखिएका समस्याहरू पत्ता लगाई समाधानका उपायहरू खोजी गर्न,
- वैदेशिक रोजगारी बाट फर्किएका युवाहरूलाई स्वदेशमै रोजगारीका सम्भावनाहरूमा समावेश गर्ने गरी योजना निर्माण गर्न,
- विश्व जगतमै महामारीको रूपमा फैलिएको कोभिड १९ का कारणले भारत लगायत वैदेशिक रोजगारीबाट फर्किएका र विदेशमा रहँदा समस्यामा परेका नगरवासीको वास्तविक तथ्यांक संकलन गरी योजना निर्माण गर्न,
- वैदेशिक रोजगारबाट प्राप्त भइरहेको रेमिट्यान्सको सम्भावित दिगो व्यवस्थापन तथा आयमूलक क्षेत्रमा परिचालनका कार्यक्रम सञ्चालन गरि रेमिट्यान्स सम्बन्धी जानकारी हासिल गर्न,
- कपिलवस्तु नगरपालिका भित्रका युवाहरू वैदेशिक रोजगारमा जाँदा अवलम्बन गर्नु पर्ने अत्यावश्यक प्रक्रियाहरू (सीप सम्बन्धी तालिम सिक्ने, कागजपत्रको एक प्रति घरपरिवारमा छाड्ने, सूचना लिएर मात्र जाने लगायत) अवलम्बनको अवस्थाको बारेमा जानकारी लिई यस क्षेत्रको व्यवस्थापनको लागि आवश्यक नीति तथा कार्यक्रम तय गर्न तथ्यगत आधार निर्माण गर्ने,
- सुरक्षित आप्रवासनसँग सम्बन्धित सवालहरू खासगरी पारिवारिक पुनःएकिकरण तथा विभिन्न खालका सामाजिक समस्याहरूको उचित व्यवस्थापनका लागि जानकारी संकलन गर्ने,

## ८. तथ्यांक संकलनको क्षेत्र र विधि

पार्श्वचित्र तयार गर्नको लागि आवश्यक तथ्यांकहरु कपिलवस्तु नगरपालिकाका १२ वटै वडाहरूमा एक एक जना गणकहरू नियुक्त गरी वडाका प्रत्येक घरधुरीहरुमा प्रत्यक्ष उपस्थितिमा गणकहरुबाट अन्तर्वार्ता विधि प्रयोग गरी सकलकन गरिएको छ। सहायक विधिको रूपमा अवलोकन र मुख्य सूचना दातासँग पनि छलफल गरिएको छ। खासगरी आप्रवासन अवस्था र रेमिट्यान्ससँग सम्बन्धित पक्षहरुको विषयमा परिवारका सदस्यसँग अन्तर्वार्ता गरिएको छ भने सामाजिक लागत तथा अन्य जानकारीहरु संकलनका लागि मुख्य सूचनादाताहरुसँग अन्तर्वार्ता गरिएको छ। तथ्यांक संकलनमा कोवो टुल वक्स (KoBo Tool Box) को प्रयोग गरिएको छ। तथ्यांक संकलनका लागि परिचालन गरिएका गणकहरू सम्बन्धित वडाको स्थानीय बासिन्दा भएकाले तथ्यांक संकलनमा गहिराई सम्म पुग्न सजिलो भएको पाइएको छ।

## ९. तथ्यांक संकलनको सीमा

संकलित सूचनाहरु वैदेशिक रोजगारमा गएका व्यक्तिहरूको परिवारले प्रदान गरेका आधारमा संकलन गरिएको छ। यसले उनीहरूको अवस्थाको वास्तविकतालाई प्रतिनिधित्व गर्दछ। समग्रमा भन्ने हो भने यस तथ्यांकले मुख्य रूपमा कपिलवस्तु नगरपालिकाभित्रको वैदेशिक रोजगारको अवस्थालाई झल्काउँदछ। तथ्यांक संकलनको लागि कपिलवस्तु नगरपालिकाले स्थानीय गणकहरू परिचालन गरी आवश्यक हुने प्रश्नावली निर्माण गरिएको छ। संकलित व्यक्तिगत तथा पारिवारिक जानकारीहरु सुरक्षित राखिएका छन्।

## १०. तथ्यांकको प्रयोगमा संवेदनशीलता

घरधुरी तहमा पुगी व्यक्ति/परिवारसँग सम्बन्धित व्यक्तिगत विवरण, उनीहरूको आम्दानी तथा खर्चको अवस्था (आर्थिक अवस्था), उनीहरूसँग सम्बन्धित ठगी तथा पीडाका घटनाहरू सकलकन गरिएको छ। यी उनीहरूका नितान्त व्यक्तिगत सूचनाहरु हुन्। यसका साथै वैदेशिक रोजगारका कारण परिवारमा भएका घरेलु हिंसा, लाञ्छना, आरोप आदि सम्बन्धीका घटनाहरू पनि सकलकन गरिएका छन्। त्यसता सूचनाहरूको संवेदनशीलता, गोपनीयता र त्यसको सार्वजनिकीकरणमा सम्बन्धित पक्षको ध्यान पुग्नु अत्यावश्यक ठानिएको छ। प्राप्त सूचनाहरु त्यसता घटनाहरू न्यूनीकरण तथा रोकथामका लागि योजना निर्माण तथा कार्यान्वयनका लागि मात्र उपयोग हुनेछन्।

## ११. तथ्यांकको सारांश

तथ्यांक सकलकन, स्थलगत अनुगमन तथा अन्तरकृयाका क्रममा प्राप्त तथ्यगत सूचना तथा जानकारीहरूलाई संक्षिप्त रूपमा व्याख्या तथा विश्लेषण गरी विभिन्न रेखाचित्र तथा तालिकाहरूको माध्यमबाट प्रस्तुत गर्ने प्रयास गरिएको छ।

### ११.१ जनसांख्यिक विवरण

कपिलवस्तु नगरपालिकामा जम्मा १४,२१८ घरधुरी रहेको छ। उक्त घरधुरीहरु मध्ये ४,१२३ घरधुरीका ४,०६१ जना पुरुष तथा ६२ जना महिलाहरु वैदेशिक रोजगारीमा गएको पाइयो। जसमध्ये हाल २३४१ जना मलेसिया तथा खाडी मुलुक र भारत लगायतका अन्य मुलुकहरूमा कार्यरत छन्। हाल वैदेशिक रोजगारमा रहेकाहरु मध्ये ७१६ (३०.५९ प्रतिशत) जना कतार, ४५५ (१९.४४ प्रतिशत) जना मलेसिया, ३०४ जना (१२.९९ प्रतिशत) साउदी अरेविया, २१६ जना (९.२३ प्रतिशत) दुवई (युएई), ६९ जना (२.९५ प्रतिशत) कुवेत, बहराईन र ओमान तथा ५४७ जना (२३.३७ प्रतिशत) भारत र ३४ जना (१.४५ प्रतिशत) अन्य देशहरुमा गएको पाइएको छ। हालसालै कोभिड -१९ को संक्रमणका कारण १७८२ जना (३३.५ प्रतिशत) कतार, २९.१२ प्रतिशत भारत, २१.६ प्रतिशत मलेसिया, १०.४९ प्रतिशत साउदी अरेविया, ३.७

प्रतिशत दुबई, १.५७ प्रतिशत अन्य) वैदिशक रोजगारीबाट स्वदेश फर्केका छन्। यी बाहेकका विदामा आएर जाने तरखरमा रहेका र जान तयार भएका युवाहरू पनि उत्तिकै संख्यामा भेटिएका छन्। विदेश जानेको देशगत संख्याको बारेमा तलको तालिकाबाट थप जानकारी लिन सकिन्छ।




यस स्थानीय तहका अधिकतम व्यक्तिहरू क्रमशः कतार, मलेसिया, साउदी अरेबिया, दुबई, कुवेत, ओमान, वहराईन, भारत र अन्य देशहरुमा वैदेशिक रोजगारीमा गएको पाइएको छ।




वैदेशिक रोजगारमा गएकाहरु मध्ये ७१७ जना (१७.३९ प्रतिशत) तराई दलित, ११०३ जना (२६.७५ प्रतिशत) मुस्लिम, ११०३ जना (२९.४४ प्रतिशत) अन्य तराई मधेश, ६२२ जना (१५.०९ प्रतिशत) तराई जनजाति, ११३ जना (२.७४ प्रतिशत) पहाडी ब्राह्मण क्षेत्री, ६४ जना (१.५५ प्रतिशत) पहाडी जनजाति, ३८ जना (०.९२ प्रतिशत) पहाडी दलित, ४ जना (०.१० प्रतिशत) अन्य जाति रहेका छन्।

वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको उमेरगत तथ्यांकलाई हेर्ने हो भने अधिकांश उत्पादनशील उमेर समूहका जनशक्तिहरू गाउँमा छैनन्। यसरी वैदेशिक रोजगारमा जाने क्रममा महिलाहरू पनि वैदेशिक रोजगारमा जाने क्रम बढ्दो देखिन्छ। यस स्थानीय तहबाट वैदेशिक रोजगारमा गएकाहरु मध्ये ४,१२३ जना (२ प्रतिशत) महिला रहेका छन्।




वैदेशिक रोजगारमा रहेको व्यक्तिको उमेरगत विवरण सम्बन्धी संकलित तथ्यांक हेर्दा सबैभन्दा बढी २१ देखि ३० वर्ष उमेर समूहका १२७४ जना (५४ प्रतिशत) व्यक्तिहरू वैदेशिक रोजगारमा गएका छन्। यसको साथै ५० वर्ष माथिका उमेरका २१ जना (१ प्रतिशत) व्यक्तिहरू पनि वैदेशिक रोजगारमा गएको पाइयो।

पुरुषहरूको उल्लेख्य संख्या वैदेशिक रोजगारमा रहेकाले महिला घरमुलीको संख्यामा पनि उल्लेख्य वृद्धि भएको पाइएको छ।

हाल वैदेशिक रोजगारीमा रहेका २३४१ जना मध्ये ६९२ जना (२९.५६ प्रतिशत) व्यक्तिहरू पहिलो पटक, १००६ जना (४२.९७ प्रतिशत) व्यक्तिहरू दोस्रो पटक, ३६७ जना (१५.६८ प्रतिशत) व्यक्तिहरू तेस्रो पटक, ११९ जना (५.०८ प्रतिशत) व्यक्तिहरू चौथो पटक, ११९ जना (५.०८ प्रतिशत) व्यक्तिहरू चौथो पटक, ४३ जना (१.८४ प्रतिशत) व्यक्तिहरू पाँचौ पटक, ११४ जना (४.८७ प्रतिशत) व्यक्तिहरू छैठौँ पटक वा सो भन्दा बढि वैदेशिक रोजगारमा गएको पाइयो ।




## ११.२ सुरक्षित आप्रवासन अवलम्बनको अवस्था

विदेशिनेहरुको संख्या उल्लेख्य भए पनि गन्तव्य देशहरुमा अत्यावश्यक सीपमूलक तालिम तथा सुरक्षित आप्रवासन सम्बन्धी सूचना लिएर जाने क्रम न्यून रहेको छ । २,३४१ आप्रवासी कामदारहरुमध्ये २.७८ प्रतिशत (६५ जना) ले मात्र सीपमुलक तालिम लिएर विदेश गएका छन् । यसरी सीप तालिम नलिई तथा गन्तव्य मुलुकको हावापानी, कानुन आदि नबुझि गएकाहरुले दुर्घटना लगायत अन्य विभिन्न खाले हिंसा तथा ठगीहरुको सामना गर्नु परिरहेको तथ्यांकले देखाएको छ ।




सीप तालिम सिकेर जानेको विवरण




वैदेशिक रोजगारमा सीपमुलक तालिम सिकेर जानेहरु मेसन, स्काफोल्डिंग, गार्मेन्ट तथा कार्पेन्टर भन्दा अन्य क्षेत्रहरुमा काम गर्नेहरुको संख्या अत्याधिक छ । विदेश गएका २,३४१ जना मध्ये ६.७१ प्रतिशत (१५७ जना) ले मात्र सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आवश्यक सूचना लिएर गएको पाइयो । जसले गर्दा अत्यावश्यक सूचनाको अभावसँगै विभिन्न ठगीका समस्या तथा दुर्घटनाहरुमा पर्ने गरेको पाईएको छ । वैदेशिक रोजगार सम्बन्धी सूचना लिनेहरुमा ८२.८० प्रतिशतले म्यान पावर कम्पनी, ११.४६

प्रतिशतले साथी भाइ तथा परिवार, १.९१ प्रतिशत रेडियो, रिटर्नी स्वयमसेवक, विद्यार्थी/शिक्षक र ३.८२ प्रतिशतले अन्य माध्यमबाट सूचित भई आप्रवासी स्रोत केन्द्रमा पुगेको पाइयो।

विदेश गएकाहरुमध्ये घर परिवारमा विदेश जादा चाहिने अत्यावश्यक कागजातहरु पासपोर्ट), सम्झौता पत्र, बिमाको कागज, मेडीकल (११.२८ प्रतिशत (२६४ जना) ले मात्र छाडेर गएको अवस्था छ। यसरी हेर्दा सुरक्षित आप्रवासन प्रक्रिया अर्थात सुरक्षित वैदेशिक रोजगार सम्बन्धी प्रक्रिया पूरा गरेर जानेहरुकोसंख्या न्यून रहेका छ। फलस्वरुप वैदेशिक रोजगारबाट प्राप्त हुने लाभ उल्लेख्य मात्रामा लिन नसकेको अवस्था छ।




विदेश जाँदा तिरेको रकमको विवरण

मलेसिया तथा खाडी मुलुकहरुमा जानको लागि सरकारले फ्रि भिषा फ्रि टिकटको नियम लागू गरे पनि उक्त प्राबधान अनुरुप २३ जना कामदारहरु वैदेशिक रोजगारमा जान पाएका छन्। फ्रि भिषा फ्रि टिकटमा वैदेशिक रोजगारमा २३ जान गएको देखिए पनि ४ जना मात्र म्यान पावर कम्पनी मार्फत गएको र बाँकी १७ जना आफन्त मार्फत र २ जना कुन माध्यमबाट गएको भन्ने कुरा थाहा नभएको पाइयो। माथि देखाइएको ग्राफमा १ लाख १ हजार देखि १ लाख ५० हजार सबभन्दा बढी ६६८ जना (२८.५३ प्रतिशत) कामदारहरुले वैदेशिक रोजगारमा जानको लागि तिरेको पाइयो। रु २ लाखभन्दा बढी तिरेर विदेश जाने कामदारहरु ३७ जना (१.५८ प्रतिशत) रहेका छन्। ५४७ जना (२३.३७ प्रतिशत) ले थाहा छैन भन्ने जवाफ दिएका छन्, जुन भारत गएको कामदारहरुको संख्या हो। खाडी मुलुक, मलेसिया लगायतको देशहरुमा वैदेशिक रोजगारमा जानको लागि रुपैयाँ पचास हजारभन्दा माथि लागत एजेन्ट तथा मेनपावर कम्पनीलाई तिर्नु पर्ने बाध्यता रहेको तथ्यांकले देखाएको छ।

१०९७ जना (४६.८६ प्रतिशत) व्यक्तिहरुले वैदेशिक रोजगारमा जानको लागि ऋण सापटी लिएको र ६७ जना (२.८६ प्रतिशत) ले सम्पत्ति बेचेर वैदेशिक रोजगारीमा गएको पाइएको छ। यसरी लिइएको अधिकांश ऋण आफन्त तथा साथीभाइ, साहु महाजन, सहकारी तथा बैंक र अन्य स्रोतबाट लिएका छन्। उक्त ऋणको व्याजदर अधिकांश (५६४ जना) ले १० प्रतिशत भन्दा कम दरमा लिएका छन्। बाँकी विदेश गएको व्यक्तिहरू (५३३ जना) ले ११ प्रतिशत भन्दा बढी र ३६ प्रतिशत भन्दा कम व्याज दरमा ऋण लिएको पाइयो। ६७२ जना (२८.७१ प्रतिशत) वैदेशिक रोजगारीमा गएकाहरुको ऋण चुक्ता भइसकेको छ भने ४२५ जना (१८.१५ प्रतिशत)को ऋण चुक्ता हुन बाँकी रहेको छ।

३१ जना (४.६१ प्रतिशत) ले ३ महिनाभित्र, १२० जना (१७.८६ प्रतिशत) ले ६ महिनाभित्र, ३१ जना (१४.७३ प्रतिशत) ले ९ महिनाभित्र, १७७ जना (२६.३४ प्रतिशत) ले १२ महिनाभित्र, १९० जना (२८.२७ प्रतिशत) ले १८ महिनाभित्र र ५५ जना (८.१८ प्रतिशत) ले १८ महिना भन्दा बढी समयावधिमा ऋण चुक्ता गरिसकेको पाइयो।

## ११.३ विप्रेषण (रेमिट्यान्स) प्राप्ति तथा त्यसको उपयोग

वैदेशिक रोजगारको सबल पक्ष भनेको नै रेमिट्यान्स तथा सीप ज्ञान आर्जन हो । यस कपिलवस्तु नगरपालिकामा एक वर्षमा (रु ३०,७१,३७,६७५) तीस करोड एकहत्तर लाख सैँतीस हजार छ सय पचहत्तर रुपैयाँ रेमिट्यान्स प्राप्त गरेको घरधुरी सर्वेक्षणबाट देखिएको छ । उक्त रेमिट्यान्स २३४१ मध्ये १९९८ जनाले एक वर्षमा परिवारलाई पठाएको विवरण हो । बाँकी ३४३ जनाले वर्षभरिमा रेमिट्यान्स पठाएका छैनन् । यसरी रेमिट्यान्स पठाउने १६११ ज
नाले मलेसिया, खाडी मुलुक तथा अन्य तेस्रो मुलुकबाट रु. २७ करोड ७६ लाख ७३ हजार ४ सय २५ रुपैयाँ प्राप्त भएको छ ।

भारतबाट ५४७ मध्ये ३८७ जना कामदारले रु. २ करोड ९४ लाख ६४ हजार २ सय ५० रुपैयाँ रेमिट्यान्स प्राप्त भएको छ । जसले कपिलवस्तु नगरपालिकाको आर्थिक गतिविधिलाई चलायमान बनाएको छ ।




एक वर्षभित्र प्राप्त रेमिट्यान्सको विवरण

प्राप्त रेमिट्यान्स रु.३०,७१,३७,६७५ को उपयोग २०.०१ प्रतिशत बचत, २५.१० प्रतिशत घर खर्च तथा खानपान, १६.८७ प्रतिशत घर बनाउन, ११.९२ प्रतिशत स्वास्थ्य तथा औषधी उपचार खर्च, १०.८६ प्रतिशत ऋण तिर्न, ८.१० प्रतिशत शिक्षामा केटाकेटी) पढाउन, ५.२६ प्रतिशत जग्गा खरीद तथा १.१० प्रतिशत ऋण लगानी र ०.७९ प्रतिशत व्यवसाय शुरूवातमा भएको सर्वेक्षणबाट थाहा पाइयो ।

वैदेशिक रोजगारमा गएका युवाहरुले वर्षमा पाँच पटक वा सो भन्दा माथि सम्म रेमिट्यान्स पठाउने गरेको पाइएको छ । तर वर्षमा ३ पटक पठाउनेको संख्या बढी रहेको छ । स्थानीय तहमा वार्षिक रूपमा रेमिट्यान्स ठूलो आकारमा भित्रिरहेको छ । जसले कपिलवस्तु नगरपालिकाको जनजीवनलाई आर्थिक रूपमा महत्वपूर्ण टेवा पुर्याएको छ । यसरी प्राप्त भएको रेमिट्यान्सको उचित व्यवस्थापन तथा परिचालनको लागि व्यक्तिगत तथा संस्थागत तहमा योजनाबद्ध प्रयासको कमी देखिन्छ ।

| गन्तव्य मुलुक | विदेशमा रहेको संख्या | विप्रेषण प्राप्त | विप्रेषण प्राप्त | जम्मा विप्रेषण | प्रति महिना औसत कमाई |
|---|---|---|---|---|---|

| | | भएको संख्या | नभएको संख्या | | |
|---|---|---|---|---|---|
| भारतबाट प्राप्त रेमिटन्स | ५४७ | ३८७ | १६० | २,९४,६४,२५० | ६,३४४.५८ |
| खाडी मुलुक, मलेसिया र अन्य देशबाट प्राप्त रेमिट्यान्स | १,७९४ | १,६११ | १८३ | २७,७६,७३,४२५ | १४,३६३.४१ |
| **जम्मा** | **२३४१** | **१९९८** | **३४३** | **३०,७१,३७,६७५** | |




## ११.४ वैदेशिक रोजगार सम्बन्धी समस्या तथा सामाजिक लागत

वैदेशिक रोजगारको क्रममा विदेश जानेहरुमध्ये ३७२ जनामा विभिन्न समस्याहरू भेटिएका छन्। यो वैदेशिक रोजगारमा जाने कुल संख्याको करिब २०.४६ प्रतिशत हो। जसमध्ये अधिकांशले भने अनुसारको तलव ९५ जना (५.३० प्रतिशत) ले नपाएको, भने अनुसारको काम र दाम दुवै ८४ जना (४.६८ प्रतिशत) ले नपाएको, ७३ जना (४.०७ प्रतिशत) ले कोभिड १९, ५ जना (०.२८ प्रतिशत) अन्य कारणले समस्यामा परेको घटनाहरु छन्।




यी उल्लेखित घटनाहरु बाहेक, वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा विभिन्न खाले समस्याहरू पनि रहि आएका पाइएको छ। जुन कति देखिन सक्छन् , कति महसुस गर्न सकिन्छ, कति देख्न र बोल्न सकिँदैन। मानसिक चिन्ता, पारिवारिक बेमेल, घरेलु हिंसा, दोस्रो विवाह, आत्महत्या, आरोप तथा लाञ्छना लगायतका घटनाहरु पनि बढ्दो क्रममा छ। वृद्धवृद्धा मात्र घरमा हुने र परिवारका सदस्यहरूको प्रत्यक्ष सहारा नपाउने, बालबच्चाहरूको उचित हेरचाहको कमी लगायतका घटनाहरूको संख्याको पनि वृद्धि भइरहेका छन्। यस्ता समस्याहरूको रोकथाम तथा सम्बोधनका लागि सचेतनका अभिवृद्धिका कार्यक्रम निर्माण तथा कार्यान्वयनका साथै नीति गत व्यवस्था र त्यसको कार्यान्वयन हुनु आवश्यक छ।




कपिलवस्तु नगरपालिकाका गाउँ वस्तिहरूबाट अग्रजी माध्यम र गुणस्तरीय शिक्षाको लागि शहरका बोर्डिङ स्कूलहरूमा पढ्न जाने तथा पठाउने क्रम रहेको पाइएको छ। यस अवधिमा जम्मा ५२८ जना बालबालिकाहरू तौलिहवा लगायत अन्य शहरहरुमा गएको/पठाएको पाइएको छ।

वैदेशिक रोजगारमा रहेका २३४१ जनाहरु मध्ये २२७७ जनाको परिवारमा कुनै पनि किसिमको पारिवारिक समस्याहरू देखिएन। बाँकी वैदेशिक रोजगारमा रहेका ६४ जनाहरु मध्ये १० जनाको परिवारमा पारिवारिक बेमेल (घरेलु हिंसा), १३ जनाको परिवारमा गम्भीर मानसिक चिन्ता तथा बेहोस हुने, ५ जनाको परिवारमा वृद्ध बुवा आमा मात्र घरमा भएको, ८ जनाको परिवारमा बालबच्चा एक्लो भएको, ५ जनाको परिवारमा श्रीमानले लामो समय देखि पैसा नपठाएको, ३ जनाको परिवारमा लामो समय देखि सम्पर्कमा नभएको, २० जनाको परिवारमा अन्य कुनै घटना नभएको पाइयो। वैदेशिक रोजगारका कारण दोस्रो विवाहमा वृद्धि भइरहेको भनाइहरू आइरहेको सन्दर्भमा यस कपिलवस्तु नगरपालिकामा वैदेशिक रोजगारसँग सम्बन्धित परिवारहरूमा दोस्रो विवाह गरेको र कोही दोस्रो व्यक्तिसँग आरोप लाञ्छना लागेको घटनाहरु पाइएको छैन। वैदेशिक रोजगारमा रहँदा परिवारमा भएका समस्याहरूको विवरण तलको ग्राफबाट देख्न सकिन्छ।




वैदेशिक रोजगारमा रहँदा परिवारमा भएका समस्याहरुको विवरण

विदेशबाट कमाएको पैसाले २५ परिवारले शहरमा घडेरी किनेको पाइएको छ। १९ जनाले पालिका क्षेत्र, ५ जनाले घर नजिकैको शहर र १ जनाले काठमान्डौमा विदेशको कमाइले घडेरी किनेका छन्। साथै यस नगरपालिकाको गाउँबाट शहर केन्द्रित वसाई सरेर जाने योजना भएका २९ परिवारहरु पाइएको छ। जस मध्ये अधिकांश सदरमुकाम तौलिहवा, नजिकको शहर र संघीय राजधानी सर्ने योजनामा रहेको पाइएको छ।

वैदेशिक रोजगारीमा जाने घरधुरीहरुमध्ये १०७ घरधुरी (२.६ प्रतिशत) मा साठी वर्ष माथिका ज्येष्ठ नागरिक (बुवा आमा) मात्र घरमा बसेको बसेको देखाएको छ।

## ११.५ वैदेशिक रोजगारमा कोभिड १९ ले पारेको प्रभाव

विश्वभरि फैलिएको कोभिड १९ को संक्रमणले गर्दा विश्व ठप्प रहेको छ। कोभिड १९ को संक्रमणको कारण वैदेशिक रोजगारीमा प्रत्यक्ष असर पारेको छ। कोभिड १९ को संक्रमणले गन्तव्य मुलुकमा रहेकाहरुमध्ये ७३ जनालाई समस्या परेको थियो। १३ जनाको सम्झौता भंग गरी काम र तलब नदिएको, ८ जनाको ५० प्रतिशत काम र तलब दिएको, ३ जनाले निरन्तर काम गरेको तर तलब नदिएको र १ जना क्वारेन्टिनमा रहेको तर नियमित तलब पाइरहेको पाइयो।




कोभिड १९ को कारण रोजगारीमा भएको समस्याहरु

कोभिड १९ को संक्रमणको कारण वैदेशिक रोजगारीमा प्रत्यक्ष असर पार्नुका साथै प्रवासमा रहेकाहरुको स्वास्थ्यमा पनि समस्या देखिएको छ। कोभिड १९ को संक्रमणले गन्तव्य मुलुकमा रहेकाहरु मध्ये ७३ जनालाई समस्या परेको पाइयो। ७ जनाले क्वारेन्टिनमा बसे पनि खान बस्न समस्या भएको, ४ जनालाई खान नदिएको, १ जनाले उपचार राम्रो नपाएको, ७ जना अन्य कारणले बिरामी भएको र ५४ जनालाई स्वास्थ्यसंग सम्बन्धित समस्या नभएको पाइयो।




कोभिड १९ को कारण स्वास्थ्यमा भएको समस्याहरु

## ११.६ वैदेशिक रोजगारबाट फर्केकाहरुको विवरण

कपिलवस्तु नगरपालिकाले गरेको घरधुरी सर्वेक्षण २०७६ को प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ। सो सर्वेक्षण अनुसार कपिलवस्तु नगरपालिकाको कुल जनसंख्या ८७,२८१ रहेको छ, जसमध्ये पुरुष ५१.९२ प्रतिशत (४५,३१८ जना) तथा महिला ४८.०७ प्रतिशत (४१,९५८ जना) र तेस्रो लिंगी ०.००५ प्रतिशत (५ जना) रहेका छन्।

कपिलवस्तु नगरपालिकामा रहेका १४,२१८ घरधुरीहरुमध्ये ४,१२३ घरधुरीका ४,०६१ जना पुरुष तथा ६२ जना महिलाहरू वैदेशिक रोजगारीमा गएको तथ्यांक रहेकोमा हालसालै कोभिड १९ को संक्रमणका कारण १७७६ जना

(९९.६६ प्रतिशत) पुरुष र ६ जना (०.३४ प्रतिशत) महिला गरी १७८२ जना वैदेशिक रोजगारमा रहेका कामदारहरु स्वदेश फर्किएका छन् । वैदेशिक रोजगारजीबाट फर्केकाहरु मध्ये ५१९ जना (२९.१२ प्रतिशत) भारतबाट साथै १२६३ जना (७०.८८ प्रतिशत) मलेसिया, खाडी मुलुक तथा अन्य देशहरुबाट फर्किएको पाइयो । विदेशबाट फर्केर आएका देशगत संख्या तल देखाइएको छ ।




गन्तव्य मुलुकको हिसाबले कपिलवस्तु नगरपालिकाका अधिकतम व्यक्तिहरू क्रमशः कतार, भारत, मलेसिया, दुवई (यूएइ), कुवेत लगायतका साथै अन्य देशहरुबाट फर्केको पाइयो ।

## ११.७ वैदेशिक रोजगारीबाट फर्केकाहरुको जातिगत विवरण

विदेशबाट फर्केका १७८२ जना मध्ये ६०२ जना (३३.७८ प्रतिशत) अन्य तराई मधेश, ३७८ जना (२१.२१ प्रतिशत) तराई दलित, ३७० जना (२०.७६ प्रतिशत) तराई मुस्लिम, २६४ जना (१४.८१ प्रतिशत) तराई जनजाति, ९१ जना (५.११ प्रतिशत) तराई ब्राह्मण क्षेत्री, ३३ जना (१.८५ प्रतिशत) पहाडी ब्राह्मण क्षेत्री, २९ जना (१.६३ प्रतिशत) पहाडी जनजाति, १३ जना (०.७३ प्रतिशत) २९ जना (१.६३ प्रतिशत) पहाडी जनजाति र २ जना (०.११ प्रतिशत) अन्यका जाति रहेका छन् ।



## ११.८ वैदेशिक रोजगारीबाट फर्केकाहरुको उमेरगत विवरण

संकलित तथ्यांक हेर्दा सबैभन्दा बढि २१ देखि ३० वर्ष उमेर समूहका व्यक्तिहरू (८३६ जना) वैदेशिक रोजगारीबाट फर्केका छन्। यसै गरी १८ देखि २० वर्ष उमेर समूहका ४०जना व्यक्तिहरू र ३१ देखि ४० वर्ष उमेर समूहका ७५० जना कामदारहरु वैदेशिक रोजगारीबाट स्वदेश फर्केका छन्। साथै ४१ वर्ष भन्दा माथिका उमेर समूहका १५६ जना व्यक्तिहरू पनि वैदेशिक रोजगारीबाट फर्केको पाइएको छ।




विदेशबाट फर्किएकाहरुको उमेरगत विवरण

## ११.९ वैदेशिक रोजगारीबाट फर्किनुका कारण

वैदेशिक रोजगारीबाट फर्केकाहरु मध्ये सबभन्दा बढी ८९३ जना (५०.११ प्रतिशत) सम्झौता सकिएर आएको पाइयो। ३८७ जना (२१.७२ प्रतिशत) कोभिड -१९ ले गर्दा राजीनामा दिएर सुरक्षित हुन र परिवारसँग रहन, ७८ जना (४.३८ प्रतिशत) कोभिड १९ले गर्दा कम्पनी ले करार अवधि नसकी नै पठाएर, ८१ जना (४.५५ प्रतिशत) ले कम्पनी बन्द भएर फर्किएको, ७९ जना (४.४३ प्रतिशत) कोभिड १९  वाहेक अन्य स्वास्थ्य समस्या भएर फर्केका साथै २६४ जना (१४.८१ प्रतिशत) अन्य कारणले गर्दा वैदेशिक रोजगारीबाट फिर्ता आएको पाइएको छ।




वैदेशिक रोजगारीको क्रममा भएका समस्याहरुको विवरण

## ११.१० वैदेशिक रोजगारीबाट फर्केकाहरुको अवस्था

वैदेशिक रोजगारीबाट फर्केकाहरु मध्ये १६०४ जना (९०.०१ प्रतिशत) विवाहित, ३ जना (०.१७ प्रतिशत) एकल महिला/पुरुष तथा १७२ जना (९.६५ प्रतिशत) अविवाहितको संख्या रहेको पाइन्छ। साथै वैदेशिक रोजगारीबाट फर्केका ३ जना (०.१७ प्रतिशत) को सम्बन्ध विच्छेदको घटना रहेको छ।

वैदेशिक रोजगारीबाट फर्केकाहरु मध्ये ७५८ जना (४२.५४ प्रतिशत) पुनः वैदेशिक रोजगारीमा जाने सोचमा रहेका छन् भने १०२४ जना (५७.४६ प्रतिशत) ले मात्रै वैदेशिक रोजगारीमा नजाने सोचमा रहेका छन् ।




वैदेशिक रोजगारीबाट फर्केका १७८२ जना मध्ये ११ जना (०.६२ प्रतिशत) मात्र रोजगारी तथा २५३ जना (१४.२० प्रतिशत) ले स्वरोजगार गरिरहेका छन् । बाँकी ८८१ जना (४९.४४ प्रतिशत) बेरोजगार रहेको र जागिरको खोजी गरिरहेको र ६३७ जना (३५.७५ प्रतिशत) पुनः विदेश जानलाई कुरिरहेका छन् ।

त्यसै गरी, वैदेशिक रोजगारीबाट फर्केकाहरुमध्ये कोही पनि सीपमुलक तालिम लिएर गएको पाईएन् तर १०९ जना (६.१२ प्रतिशत) ले विदेशमा रहदा सीप सिकेको पाइयो। विदेश रहदा सीप सिक्नेहरुको संख्या ग्राफमा देखाईएको छ।

वैदेशिक रोजगारीबाट फर्केका १७८२ मध्ये ३१३ जना (१७.५६ प्रतिशत) मात्र सीप परीक्षण बारे जानकार रहेका छन् । सीप परीक्षण बारे जानकारी हुनेहरुमा २१ जना महिला र २९२ जना पुरुषले सीप परीक्षण गरिसकेका छन् भने १४ जना महिला र पुरुष सीप परीक्षण गर्ने सोचमा छन्।

## ११.११ वैदेशिक रोजगारीबाट कमाएको पैसाको लगानीको अवस्था

वैदेशिक रोजगारीबाट फर्केका कामदारहरुले विदेशबाट कमाएको पैसाबाट अधिकांश कामदारहरुले घर खर्च तथा खानपान, केटाकेटीलाई पढाउन, स्वास्थ्य तथा औषधी उपचार र ऋण तिर्न प्रयोग गरेका छन् भने थोरै मात्र व्यक्तिहरूले जग्गा खरिद, घर निर्माण र व्यवसायमा लगानी र बचत गरेको पाइएको छ ।




वैदेशिक रोजगारजीबाट फर्केका कामदारहरुमध्ये ७ जनाले कुखुरा पालन, ४ जनाले बाख्रा पालन, १४ जनाले तरकारी खेती, २६ जनाले व्यापार व्यवसाय, ११ जनाले गाई पालन, १ जनाले डेरी सञ्चालन, २ जनाले बंगुर पालन, ४० जनाले यही रोजगार गर्ने र १६ जनाले अन्य व्यवसाय गर्ने योजनामा रहेका छन्।

यसैगरी वैदेशिक रोजगारजीबाट फर्केका कामदारहरुमध्ये ५० जनाले विभिन्न व्यवसाय पेशा शुरु गरिसकेका छन्। जसमध्ये ३ जना कुखुरा पालन, १ जनाले बाख्रा पालन, ५ जनाले तरकारी खेती, ५ जनाले व्यापार व्यवसाय, २ जनाले गाई पालन र ३४ जनाले अन्य पेशा गरिरहेका पाइएको छ। उक्त व्यापार व्यवसायबाट २९ जनाले रोजगारी पाएका छन्।

## ११.१२ व्यवसाय प्रवर्द्धनका लागि स्थानीय सरकारबाट सहयोगको विवरण

व्यवसाय प्रवर्द्धनका लागि स्थानीय सरकार तथा विभिन्न निकायले २ जनालाई नगद र २ जनालाई अन्य सहयोग गरी ४ जनालाई प्रदान गरेको पाइएको छ भने बाँकी ४६ जनाले कुनै पनि किसिमको सहयोग पाएका छैनन् ।

### ११.१३ व्यवसाय प्रवर्द्धनका लागि स्थानीय सरकारबाट सहयोगको अपेक्षा

वैदेशिक रोजगारजीबाट फर्केका कामदारहरूमध्ये व्यवसाय शुरु गर्न वा प्रवर्द्धनका लागि स्थानीय सरकार तथा अन्य निकायबाट सहयोगको अपेक्षा तल देखाइएको तालिकामा देखाइएको छ।

| क्रस | सहयोगको किसिम | सहयोगको अपेक्षा गर्ने को संख्या |
|---|---|---|
| १ | नगद सहयोग | ३२ |
| २ | सामग्री सहयोग | ३ |
| ३ | प्राविधिक सहयोग | ४ |
| ४ | तालिम | ३ |
| ५ | व्यवसाय दर्तामा छुट | १ |
| ६ | अन्य | १० |
| ७ | नगद सहयोग, तालिम | १४ |
| ८ | नगद सहयोग, सामग्री सहयोग, प्राविधिक सहयोग, तालिम, व्यवसाय दर्तामा छुट | १०४ |
| | जम्मा | १७१ |

### ११.१४ व्यवसाय शुरु गर्न वा प्रवर्द्धन गर्न अप्ठयाराहरु

व्यवसाय शुरु गर्न वा प्रवर्द्धन गर्न १७१ जनाले विभिन्न खालको अप्ठयाराहरु आउने सम्भावनाहरू व्यक्त गरेका छन्। जसलाई तलको तालिकामा देखाइएको छ।

| क्रस | व्यवसाय शुरु गर्न वा प्रवर्द्धन गर्न अप्ठ्याराका क्षेत्रहरु | उत्तरदाताको संख्या |
|---|---|---|
| १ | बजार व्यवस्थापन | ३ |
| २ | प्राविधिक सहयोगको कमी | २ |
| ३ | तालिम | २ |
| ४ | नीति नियम | १ |
| ५ | बजेटको अभाव | ३९ |
| ६ | कच्चा सामग्रीको कमी, अनुदान | २ |
| ७ | तालिम, अनुदान | २ |
| ८ | प्राविधिक सहयोगको कमी, तालिम, अनुदान, नीति नियम, अनुदान, बजेटको अभाव | ४६ |
| ९ | बजार व्यवस्थापन सिँचाई प्राविधिक सहयोगको कमी तालिम यातायात तथा ढुवानी अनुदान कच्चा सामग्रीको कमी नीति नियम बजेटको अभाव | ३३ |
| १० | बजेटको अभाव, अनुदान, प्राविधिक सहयोगको कमी, तालिम, नीति नियम, तालिम | २८ |
| | जम्मा | १७१ |

## ११.१५ कपिलवस्तु नगरपालिका भित्रको वैदेशिक रोजगारको सवालहरू

| वर्तमान अवस्था | सवालहरू | सम्भावित तथा प्रस्तावित कार्यक्रम |
|---|---|---|
| ✧ युवाहरुको वैदेशिक रोजगार प्रतिको आकर्षण वढिरहको छ।<br>✧ उमेर पुग्ने वित्तिकै वा नपुगी उमेर वढाएर जाने क्रम पनि वढिरहेको छ।<br>✧ यस स्थानीय तहवाट ४१२३ जना (भारत सहित) वैदेशिक रोजगारमा गएको पाइएको छ। | स्थानीय तहमा नै रोजगारी सृजना गरी युवाहरुलाई कसरी स्वरोजगार गराउन सकिन्छ ? | ✧ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा स्थानीय स्तरको माग तथा आवश्यक्ता अनुसार सञ्चालन गर्ने।<br>✧ स्थानीय तह मार्फत सञ्चालन हुने क्रियाकलापहरुलाई रोजगारी तथा स्वरोजगारको क्षेत्रमा प्राथमिकता दिने। |
| ✧ वेदैशिक रोजगारबाट फर्किने १७८२ मध्ये कोही पनि सीपमुलक तालिम नलिई गएको र हाल वैदेशिक रोजगारीमा रहेका २३४१ जना मध्ये २.७८ प्रतिशत(६५जना)ले मात्र सीप सिकेर गएका छन्। जसका कारण युवाहरुले अपेक्षित रुपमा कमाई गर्न सकेका छैनन्।<br>✧ विना सीप विदेश जाने क्रमले कार्य थलोमा विभिन्न खाले अवहेलना सहनुपर्ने तथा दुर्घटनाका सम्भावनाहरु पनि उत्तिकै मात्रामा रहन्छ। | ✧ सीप सिकेर विदेश जाने युवाहरुलाई तालिमको व्यवस्था कसरी गर्ने ?<br>✧ त्यसको लागि आवश्यक संयन्त्र के हुने ?<br>✧ सीप सिकेमा विदेशमा मात्र नभई स्वदेश फर्के पछि पनि उपयोगी हुन सक्छ भन्ने सोंचको विकास कसरी गर्ने ? | ✧ स्वदेशमा रोजगारीको लागि आवश्यक सीप विकासको कार्यक्रम सञ्चालन गर्ने।<br>✧ विदेश जाने निर्णय गरिसकेका व्यक्तिहरुका लागि आवश्यक सीप तालिमका कार्यक्रम सञ्चालन गर्ने।<br>✧ सञ्चालन भइरहेको सामी लगायत अन्य परियोजनाहरुका सीप विकासका कार्यक्रम सँग समन्वय गर्ने।<br>✧ सीप तालिमको महत्व र उपलव्धताको वारेमा आवश्यक स्थानहरूमा होर्डिङ वोर्ड राख्ने।<br>✧ स्थानीय तहमा उपलब्ध हुने रोजगारीको वारेमा जानकारी संप्रेषणको लागि रिटर्नी स्वयंसेवक परिचालन गर्ने। |
| वैदेशिक रोजगारमा गएकाहरू मध्ये १५७ जनाले मात्र आवश्यक सूचना लिएर गएको पाइएको छ। | ✧ यस्ता सम्वेदनशील समस्याहरुको सम्वोधन तथा व्यवस्थापनमा सरोकारवालाहरुको भूमिका के हुने, कसरी सम्वोधन गर्ने ?<br>✧ सरोकारवालाहरु जनप्रतिनीधि, आमा समूह, महिला संजाल, अधिकारकर्मी, सुरक्षा निकायको भूमिकामा | ✧ नगरपालिका स्थित रोजगार सेवा केन्द्र मार्फत वैदेशिक रोजगारी सम्बन्धित सम्पूर्ण सूचनाहरू सम्प्रेषण गर्ने।<br>✧ जिल्ला प्रशासन कार्यालयमा रहेको MRC लाई सक्रिय गराउने। |

| | | |
|---|---|---|
| | समस्या देखिएपछि समाधानमा मात्र केन्द्रित हुने की रोकथामका लागि सचेतनामूलक कार्यक्रम पनि गर्न सकिन्छ? | |
| ✧ विदेश रहेका २३४१ मध्ये २६४ (११.२८ प्रतिशत) जना व्यक्तिले मात्र अत्यावश्यक कागजपत्रको प्रतिलिपी घरपरिवारमा छाडेको पाइएको छ। | ✧ यस सम्बन्धी आवश्यक जानकारी तथा सूचनाहरु दिने दीगो संयन्त्र के हुन सक्छ? कसरी व्यवस्थापन गर्ने? | ✧ टोल, वडा तहको छलफल, होर्डिङ वोर्ड तथा रिटर्नी स्वयंसेवकहरु मार्फत कागजपत्रको सुरक्षाको वारेमा जनचेतना विस्तार गर्ने। |
| ✧ विदेशमा रहेका २३४१ जना मध्ये गन्तव्य मूलकमा काम गर्ने कम्पनीले नेपालमा कवोल गरे वमोजिमको काम, तलव नदिएको, अलपत्र पारेको, लामो समय देखी घर फर्कन नदिएको लगायतको विभिन्न खालका ३७२ वटा समस्याहरु फेला परेकाछन्। | ✧ त्यस्ता मुद्दाहरुलाई कसरी कानुनी सेवा प्रदान गर्न सकिएला?<br>✧ त्यस्ता समस्या वाट वच्नको लागि के कस्ता पूर्व सावधानीहरु के कसरी अपनाउन सकिन्छ?<br>✧ त्यसको लागि के कस्ता संयन्त्र उपलब्ध छ वा निर्माण गर्न सकिन्छ? | ✧ टोल, वडा तहको छलफल, होर्डिङवोर्ड मार्फत कानुनी सहायताको विषयमा जानकारी दिने।<br>✧ रिटर्नी स्वयंसेवकहरू परिचालन गरी ठगी लगायतको मुद्दाहरूमा कानुनी सहजिकरणका लागि आप्रवासी श्रोत केन्द्र (सूचना केन्द्र) मा सिफारिस गर्ने। |
| ✧ वार्षिक रुपमा यस स्थानीय तहमा रु. ३० करोड ७१लाख ३७ हजार ६ सय ७५ रुपैयाँ रेमिट्यान्स भित्रिने गरेको छ।<br>✧ उक्त रकमको ७५ प्रतिशत भन्दा वढि घर खर्च, ऋण चुक्ता तथा शिक्षा/स्वास्थ्य जस्ता क्षेत्रमा खपत भइरहेको छ। | ✧ उक्त रेमिट्यान्सलाई आयमूलक क्षेत्रमा लगानीको लागि सहजिकरण कसले गर्ने ?<br>✧ त्यसको लागि आवश्यक कार्यक्रम तथा नीतिगत व्यवस्था के हुने ? कस्ता किसिमका कार्यक्रमहरु सञ्चालन गर्ने ? | ✧ रेमिट्यान्सलाई आयमूलक क्षेत्रमा लगानीको लागि वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गर्ने।<br>✧ आवश्यक नीतिहरुको तर्जुमा गर्ने।<br>✧ रेमिट्यान्स् प्राप्त गर्ने परिवारलाई उद्यम विकास गर्नको लागि प्रोत्साहनका प्याकेजहरु तयार गर्ने। |
| ✧ वैदेशिक रोजगारमा संलग्न घरपरिवारमा १० जनाको घर परिवारमा पारिवारिक बेमेल (घरेलु हिंसा), १३ जनालाई गम्भीर मानसिक चिन्ता तथा बेहोस हुने, ५ जनाको परिवारमा वृद्धवृद्धाहरु एक्लिने (सहारा विहीन हुने), ८ जनाको परिवारमा वालवालिकाहरु सहारा विहिन भएको, ३ जना विदेश गएका व्यक्तिहरु लामो समय देखि सम्पर्कमा नआएको, ४ जनाको श्रीमानले लामो समय देखि पैसा | ✧ यस्ता सम्वेदनशील समस्याहरुको सम्वोधन तथा व्यवस्थापनमा कुन सरोकारवाहरुको भूमिका के हुने, कसरी सम्वोधन गर्ने ?<br>✧ सरोकारवालाहरु जनप्रतिनीधि, आमा समूह, महिला संजाल, अधिकारकर्मी, सुरक्षा निकायको भूमिका समस्या देखिएपछि समाधानमा मात्र हुने की रोकथामका लागि सचेतनामूलक कार्यक्रम पनि गर्न सकिन्छ? | ✧ जेष्ठ नागरिकहरु, वैदेशिक रोजगारका कारण प्रभावित परिवारहरुको लागि आवश्यक कार्यक्रम निर्माण गर्ने।<br>✧ परिवारिक तथा सामाजिक एकिकरण सम्बन्धिको कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने। |

| | | |
|---|---|---|
| नपठाएको जस्ता घटनाहरु भेटिएका छन् । उक्त घटना देखे सुनेका मात्र हुन् ।<br>✦ यस्ता घटनाहरुको संख्या भित्रि रुपमा अझ धेरै हुन सक्छन् । | | |
| ✦ वालवच्चालाई गुणस्तरीय शिक्षा दिने (खास गरी वोर्डिङ पढाउन) सिलसिलामा ५२५ परिवारका सदस्यहरु तौलिहवा, प्रादेशिक राजधानी लगायतका शहरहरुमा वसोवास गर्दै आएको पाइएको छ । | ✦ स्थानीय स्तरमा गुणस्तरीय शिक्षाको व्यवस्थापन कसरी गर्ने? | ✦ स्थानीय तह भित्रका विधालयहरुमा व्यवस्थित र प्रभावकारी शिक्षण सिकाई क्रियाकलाप संचालन गर्ने । |
| ✦ हाल वैदेशिक रोजगारीमा रहेका २३४१ जना मध्ये ५२९ (२२.६ प्रतिशत) व्यक्तिहरु ३ देखि ५ पटक सम्म र छैठौं वा सो भन्दा बढी पटक ११४ जना (४.८७ प्रतिशत) विदेशमा बसिरहेका छन् ।<br>✦ सीप र दक्षता अभावका कारण मलेसिया तथा खाडीमा जाने व्यक्तिहरुको मासिक औषत कमाई रु. १४,३६३ र भारतमा रु ६,३४४।०० को हाराहारीमा मात्र कमाई गरिरहेका छन् । | ✦ युवाहरू धेरै पटक साथै धेरै वर्ष विदेश बसिरहदा परिवार व्यवस्थापन तथा नगर विकासमा कसरी योगदान पुग्न सक्छ?<br>✦ पटक पटक विदेश जाने क्रम कसरी कम गर्न सकिन्छ? | ✦ विदेश जादा अनिवार्य सीप तलिम लिएर मात्र जानु पर्ने अवस्था सृजना गर्न आवश्यक नीति निर्माण तथा कार्यक्रम सञ्चालन गर्ने । |
| ✦ विदेशवाट फर्किएका व्यक्तिहरुको ज्ञान, सीप र अनुभवलाई कसरी उपयोग गर्ने? | ✦ स्थानीय तहको मानव संसाधन विकास तथा व्यवस्थापन नीति कस्तो हुने ? | ✦ वैदेशिक रोजगारवाट फर्कर आएको व्यक्तिको सीप, पूँजी तथा अनुभवलाई प्रवर्द्धनको लागि प्रोत्साहन कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>✦ वैदेशिक रोजगारवाट फर्कर आएका व्यक्तिहरुको तथ्यांक संकलन गर्ने । |

'समृद्ध नगर खुसी नगरबासी, स्थिर र दिगो विकासको गति'

## १७. निष्कर्ष तथा सुझावहरु

कपिलवस्तु नगरपालिकाले रोजगार तथा स्वरोजगारका कार्यक्रमहरू मार्फत स्थानीयस्तरमा नै युवाहरूलाई परिचालन तथा व्यवस्थापनको लागि पहलकदमी लिनु पहिलो प्राथमिकता हुन सक्छ। वैदेशिक रोजगारको क्रमलाई पूर्णरुपमा रोक्न सक्ने अवस्था अहिलेको परिस्थितिमा कल्पना पनि गर्न सकिंदैन। स्थानीय स्तरमा पर्याप्त अवसर सृजना नहुँदासम्म वैदेशिक रोजगारमा जाने क्रम निरन्तर चलिरहने देखिन्छ। आर्थिकरुपमा मजबुत हुने, राम्रो अवसर प्राप्त गर्ने र परिवारलाई उच्चतम समृद्धि तथा सुख दिने सपना अधिकांश व्यक्तिमा हुन्छ। वर्तमानमा भइरहेको स्थानको तुलनामा अर्को स्थानमा राम्रो सम्भावना र अवसर देखा पर्ने वित्तिकै मानिसहरु स्वाभाविक रूपमा त्यस तर्फ उन्मुख हुन्छन्। जुन स्वाभाविक प्रक्रिया हो र वैदेशिक रोजगारलाई पनि यसैको प्रभावको रूपमा मान्न सकिन्छ।

अर्को तिर स्थानीय स्तरमा सीमित रोजगारीको अवसर, युवा जनसंख्याको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रुची, सामाजिक संरचना आदिका कारण वैदेशिक रोजगारमा जाने क्रम रहर र बाध्यता दुवै बनेको देखिन्छ। यस्तो अवस्था वैदेशिक रोजगारसँग सम्बन्धित बहुआयामिक सवालहरुलाई उचित व्यवस्थापन गर्नु नै आजको आवश्यकता रहेको छ।

खास गरी यस स्थानीय तहका क्षेत्रका युवाहरू आवश्यक सूचना तथा सीप तालिमहरु प्राप्त नगरी वैदेशिक रोजगारमा गईरहेका छन्। अर्को तर्फ यस कपिलवस्तु नगरपालिकामा प्राप्त हुने रेमिट्यान्सको ठूलो हिस्सा अनुत्पादक क्षेत्रमा लगानी भएको छ। वित्तीय साक्षरता मार्फत वैदेशिक रोजगारजीबाट प्राप्त रेमिट्यान्सलाई उत्पादनशील क्षेत्रमा सदुपयोग गरी स्वरोजगारी गर्ने प्रबल सम्भावना देखिन्छ। यसको अलावा वैदेशिक रोजगारका कारण परिवार तथा समाजमा विभिन्न खाले समस्याहरू देखा पर्दै आएका छन्। वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप र पूँजीको व्यवस्थापनको लागि प्रभावकारी एवं दिगो संस्थागत पहल हुन आवश्यक देखिन्छ। जसले गर्दा यस क्षेत्रको व्यवस्थापनमा सम्बन्धित निकायको ध्यान पुग्न जरुरी छ।

कोभिड १९ ले वैदेशिक रोजगारीलाई प्रत्यक्ष रूपमा प्रभाव पारेको सर्व विदित छ। यसबाट कपिलवस्तु नगरपालिका पनि अक्षुण रहेको छैन। कोभिड १९ लगायत अन्य समस्याहरुले वैदेशिक रोजगारीमा रहेकाहरु र तिनका परिवारमा विभिन्न किसिमका भावनात्मक, सम्वेगात्मक जस्ता मनोसामाजिक समस्याहरू देखिएका छन्। ती समस्याहरू सम्बोधनका लागि मनोसामाजिक परामर्श सेवाका साथै जटिल किसिमका समस्याका लागि आकस्मिक राहत कोषको आवश्यकता रहेको छ।
तसर्थ वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादीता, व्यवस्थित र उपलब्धि मूलक बनाउन आजको आवश्यकता रहेको छ।

## १८. तथ्यकन तथा अनुसूचीहरू

## खण्ड (क)-वैदेशिक रोजगारमा रहेका व्यक्तिको विवरण

| वार्ड नं | घरमूली | जम्मा परिवार संख्या | | | जम्मा वैदेशिक रोजगारीमा गएका संख्या | | | उमेरगत विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | १८देखि २० वर्ष | २१देखि ३० वर्ष | ३१देखि ४० वर्ष | ४१देखिवर्ष | ५०वर्ष माथि | जम्मा |
| १ | ११० | ४१४ | ४८४ | ८९८ | ३ | १०७ | ११० | ० | ३५ | २२ | ० | ० | ५७ |
| २ | २६० | ८८६ | १०२३ | १९०९ | ५ | २५५ | २६० | ० | ८८ | ५७ | १३ | ० | १५८ |
| ३ | ४२७ | ११८९ | १२८६ | २४७५ | १३ | ४१४ | ४२७ | २ | ८६ | ५० | ६ | ० | १४४ |
| ४ | ३३५ | १३९२ | १५१७ | २९०९ | १ | ३३४ | ३३५ | ३ | ५३ | ४० | २ | ० | ९८ |
| ५ | ४०० | १२९१ | १४४३ | २७३४ | ० | ४०० | ४०० | १३ | ९९ | ६० | २३ | ३ | १९८ |
| ६ | ४८५ | १८९४ | २०११ | ३९०५ | १४ | ४७१ | ४८५ | १ | १३४ | १४० | १४ | ३ | २९२ |
| ७ | २७६ | ९२६ | ९४८ | १८७४ | ० | २७६ | २७६ | ५ | ८० | ३८ | ४ | ० | १२७ |
| ८ | ६५१ | २०५९ | २२८० | ४३३९ | १ | ६५० | ६५१ | ३० | १७३ | ११३ | २६ | ८ | ३५० |
| ९ | २०८ | ६०४ | ५५७ | ११६१ | ११ | १९७ | २०८ | ० | ९० | ६९ | २७ | २ | १८८ |
| १० | १४५ | ५५३ | ४९३ | १०४६ | १ | १४४ | १४५ | ० | ६७ | ४६ | १२ | ४ | १२९ |
| ११ | ४०६ | १५३९ | १४९३ | ३०३२ | ९ | ३९७ | ४०६ | १० | २७१ | ८७ | ९ | १ | ३७८ |
| १२ | ४२० | २१५५ | १८४५ | ४००० | ४ | ४१६ | ४२० | ८ | ९८ | १०८ | ८ | ० | २२२ |
| जम्मा | ४१२३ | १४९०२ | १५३८० | ३०२८२ | ६२ | ४०६१ | ४१२३ | ७२ | १२७४ | ८३० | १४४ | २१ | २३४१ |

| वार्ड नं | जातिगतविवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तराईब्राह्मण क्षेत्री | तराईजनजाति | तराईदलित | अन्यत राई मधेश | पहाडीजन जाति | पहाडीदलित | मुस्लिम | पहाडीब्राह्मण क्षेत्री | अन्य | जम्मा |
| १ | ४ | ० | २९ | २६ | ० | ० | ४४ | ७ | ० | ११० |
| २ | २८ | ० | ५३ | १०९ | ० | ० | ७० | ० | ० | २६० |
| ३ | २० | ८ | ९७ | २१६ | ० | १ | ७८ | ४ | ३ | ४२७ |
| ४ | १६ | ० | १११ | १३१ | ० | ० | ७७ | ० | ० | ३३५ |
| ५ | २२ | २१९ | १०३ | १ | ० | ० | ५५ | ० | ० | ४०० |
| ६ | १७ | ७ | ७ | १७८ | ६४ | ३४ | ११५ | ६२ | १ | ४८५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | १२ | ० | ६९ | १३४ | ० | ० | ६१ | ० | ० | २७६ |
| ८ | ११ | २६१ | १२४ | ३१ | ० | ० | २२४ | ० | ० | ६५१ |
| ९ | ८० | ५८ | १५ | २६ | ० | ० | २८ | १ | ० | २०८ |
| १० | २२ | ५८ | १२ | ३० | ० | ० | २३ | ० | ० | १४५ |
| ११ | ३ | ११ | ३० | १३१ | ० | ३ | १८९ | ३९ | ० | ४०६ |
| १२ | १३ | ० | ६७ | २०१ | ० | ० | १३९ | ० | ० | ४२० |
